राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३४० | २०८३ भाद्र ६ गते शनिवार | (Saturday, 22 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# बर्दिवास मेडिकल कलेज खारेजीको निर्णय सच्याउन माग




**द पब्लिक टुडे समाचारदाता**

*बर्दिबास, भाद्र ५ गते ।*

चिकित्सा शिक्षा सुधारका अभियन्ता प्रा. डा. गोविन्द केसीले बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना खारेज गर्ने सरकारको निर्णयप्रति असन्तुष्टि जनाउँदै तत्काल निर्णय सच्याउन माग गरेका छन् । शिक्षा तथा खेलकुद मन्त्रालयले २०८३ साउन १५ गते आयोजना खारेज गर्ने पत्र जारी गरेपछि डा. केसीले शुक्रबार विज्ञप्ति जारी गर्दै निर्णय फिर्ता नलिए स्थगित गरिएको सत्याग्रहसहितको आन्दोलन पुनः सुरु गर्ने चेतावनी दिएका हुन् ।

स्वास्थ्य र शिक्षा राज्यको उच्च प्राथमिकतामा पर्नुपर्ने उल्लेख गर्दै उनले विभिन्न सरकारसँग भएका सहमति, लामो संघर्ष र जनदबाबपछि बर्दिवास मेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) लगायत आवश्यक प्रक्रिया पूरा भइसकेको अवस्थामा आयोजना खारेज गर्नु दुर्भाग्यपूर्ण भएको बताएका छन् ।

पूर्व-पश्चिम राजमार्गमा अवस्थित बर्दिवासमा मेडिकल कलेज स्थापना हुँदा मधेस प्रदेशसँगै बागमती प्रदेशका केही जिल्लाका दशौँ लाख नागरिकले गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा र चिकित्सा शिक्षा पाउने अवसर प्राप्त गर्ने उनको भनाइ छ । आयोजना खारेजीले त्यस क्षेत्रका नागरिक प्रभावित भएको उनले बताएका छन् ।

डा. केसीले स्वास्थ्य बजेट घटाइएको, न्यूनतम मापदण्ड पूरा नगरेका निजी मेडिकल कलेजलाई सिट वृद्धि गरेर पुरस्कृत गरिएको तथा विपन्न र जेहेन्दार विद्यार्थीको छात्रवृत्ति कटौती गरिएको भन्दै सरकारको स्वास्थ्य तथा शिक्षा नीतिको आलोचना गरेका छन् ।

सरकारी चिकित्सा शिक्षण संस्था र नियमनकारी निकायलाई चिकित्सा शिक्षा व्यापारीको प्रभावमा पार्ने नीति जनहित र सुशासनविपरीत रहेको उनको ठहर छ । डा. केसीले बर्दिवास मेडिकल कलेजको आयोजना तत्काल ब्युँताएर निर्माण कार्य अघि बढाउन तथा इलाम, उदयपुर र डडेलधुरामा स्थापनाको प्रक्रियामा रहेका सरकारी मेडिकल कलेज तथा प्रतिष्ठानको कामसमेत अघि बढाउन सरकारसँग माग गरेका छन् ।

साथै, २४औँ सत्याग्रहका क्रममा भएका सहमति कार्यान्वयन गर्न आग्रह गर्दै माग पूरा नभए आन्दोलनमा फर्किने चेतावनी दिएका छन् ।

# बस्नेतलाई महोत्तरी पत्रकारिता पुरस्कार

**द पब्लिक टुडे समाचारदाता**

*बर्दिबास, भाद्र ५ गते ।*



पत्रकार विशाल बस्नेत महोत्तरी पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् । महोत्तरीमा नेपाल प्रेस युनियननले स्थापना गरेको महोत्तरी पत्रकारिता पुरस्कार यस वर्ष पत्रकार बस्नेतलाई प्रदान गरिएको छ । प्रेस युनियन महोत्तरीको बर्दिबासमा आयोजित आठौं जिल्ला अधिवेसनको अवसरमा शुक्रबार नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले सम्मानपत्र र नगर १० हजार १०० बस्नेतलाई प्रदान गरेका हुन् । बर्दिबास नगर पत्रकार सञ्जालका सचिबसमेत रहेका बस्नेत सौर्य दैनिकका लागि महोत्तरी प्रतिनिधि हुन् । युनियन महोत्तरीले पुरस्कारका लागि सिफारिस गर्न गठन गरेको सामाजिकव्क्त व्यक्तित्व सम्मलिति तीन सदस्यीय समितिले बस्नेतको नाउँ प्रस्ताव गरेका थिए ।

जिल्लाका शिक्षा स्वास्थ्य र प्राकृतकि सम्पदाबारे समाचार लेखनबाट सर्वाधिक चासो जगाउँदै आउनु भएको हुँदा बस्नेतलाई पुरस्कृत गर्ने निर्णय गरिएको युनियन महोत्तरीले जनाएको छ। यो पुरस्कार प्राप्त गर्ने बस्नेत जिल्लाका दोस्रो पत्रकार हुन् । यसअघि यो पुरस्कार नविन चौधरीले २०८१ मा प्राप्त गरेका हुन् ।

कार्यक्रममा वरिष्ठ पत्रकार तथा कार्यक्रमका प्रमुख अतथि धर्मेन्द्र झाले पुरस्कारका लागिआफ्नो सङ्गठनभन्दा बाहिर निस्केर युनियनको महोत्तरी समितिले कामको मूल्याङ्कन गर्ने नयाँ संस्कृति बसाएको उल्लेख गरे । सो अवसरमा झाले मधेशको पत्रकारिताको निप तिखार्नु पर्ने र सूचनाको खोजलाई अझै गहिऱ्याउनु पर्ने आवश्यकता रहेको औंल्याएका छन् ।

**विशेष कविता**

## राजेन्द्र विमल



• विपुल विद्रोही

मैथिली तथा नेपाली भाषी शिक्षाका धरोहर
संस्कृति,कला भाषामा विज्ञ सम्झन्छु बारम्बार
जे जो हो देखे साहित्य लेखी सिर्जना उमारे
त्यो बोली मिठो सबैका सामु सदैव हँसाए ।

साहित्य रुपी बगैंचा बन्यो जसको जीवन
पहिचान मेरो नेपाली रहोस् भन्दथे हर्दम
सगरमाथा शिरमा राखी नेपाली भेषमा
साहित्यप्रति समर्पित थिए लेखन कार्यमा ।

हिमाली जल तराई झार्ने उद्देश्य राखेका
ती मृदु भाषी शिक्षाका ज्ञाता साहित्य साधक
सुन्दर फूल रहेन आज गयो नि झरेर
छ श्रद्धाञ्जली राजेन्द्र विमल नाम छ अमर ।

## नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हार्दिक श्रद्धाञ्जली



**जन्म**
२००३ चैत्र १३ गते

**स्वर्गारोहण**
२०८३ साउन २३ गते

**प्रा. डा. राजेन्द्रप्रसाद विमल**

नेपाली तथा मैथिली वाङ्मयका शिखर प्रतिभा वरिष्ठ साहित्यकार प्रा.डा. राजेन्द्रप्रसाद विमलको दुखद् निधनले भाषा साहित्यको जगतमा अतुलनीय क्षेती भएको छ । असीम दुःखको यस घडीमा अमर साधक प्रा.डा. विमलप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ ।

**नारायण घिमिरे**, *अध्यक्ष*
**प्रगतिशील लेखक सङ्घ, नेपाल**
मधेश प्रदेश समिति

**कविता**



## जीवन हार्छ व्यर्थ

***

**गणेश अधिकारी**

जाती अनेक अनि धर्म विभिन्न हुन्छन्,
ती फूल भिन्न थर जात मिलेर फुल्छन्,
नेपाल बाग छ अत्यन्त सुरम्य शान्त,
विद्रोह वीज नउमार नहोस् अशान्त ।१

सौहार्दता बनिरहोस् नबढोस् गुमान,
नेपाल राष्ट्र बुझ हो सझिया बगान,
हामी स्वतन्त्र पनि छौं निज धर्म रीत,
मान्छौं विशुद्ध तरिकासँग त्यो सशक्त ।२

मर्ने र मार्न पनि तत्परता जनाई,
त्यो मानवीय अभिमान ठुलो बनाइ,
हे भाइ बन्धु नगरे अब त्यो अनर्थ,
अस्तित्व डुब्छ अनि जीवन हार्छ व्यर्थ ।३

जातीय कल्मस अझै नबढोस् धरामा,
फैलिन्छ रोग सरि त्यो सबको घरैमा,
सम्झौं बुझौं अनि बनौं सब सौम्य धीर,
आपस्तमा फुट हुँदा अति हुन्छ  पीर ।४

**गजल**



**गणेश तिमलसिना**

धनुषा

अत्तर छरेर तनमा हावा यतै पठायौ
गाजल् छ कोस माथी घायल् नजर् जुधायौ ।

पोत्दा मिलेछ लाली ठूलै कला म देख्छू
वर्णन् गरूँ कसोरी गर्नू गऱ्यौ  सतायौ ।

सारी सपक्क पारी चोली टिमिक्क कस्दा
कोही भएछ पागल रोगी उसै बनायौ ।

राता गुलाफी गाला जूरो फिजाइ झार्दा
ती अप्सरा तिलोत्मा राम्री सबै भुलायौ ।

कस्ले बनायो यस्तो होसै  नपाइ  दौड्ने
रक्सीबिना शराबी तलतल नसा लगायौ ।

**कविता**



## छोरीको पीडा

***

**मोनिका श्रेष्ठ**

जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

भनिन्छ छोरी हुनु भाग्यमानी
यहाँ
किनकि थाहा छैन उसका मनभित्रका पीडा
छोरो जन्मदा मनाइन्छ खुसीयाली
त्यही घरमा छोरी जन्मिए बस्छन् नाक खुम्च्याई।

बोलीमा कुनै भेदभाव छैन यहाँ
व्यवहारमा आकाश जमिनको अन्तर छ यहाँ
भोग्नु पर्ने छोरीले महिनावारीको असह्य पीडा
जन्म घर छोडी अन्तै बस्नुपर्ने हुन्छ बाध्यता।

घरमा हुन्छ छोरीको धेरै जिम्मेवारी
दुनियाँले हेर्छन् गिद्धे दृष्टि पारी
सबै कुरा सम्झँदा रुन्छ मेरो मन
सँधै पीडा भोग्नु पर्ने हो छोरीको जीवन।

**कविता**



## मानवता

***

**शुभेच्छा घिमिरे**

उपाध्यक्ष, जनता साहित्यिक मञ्च गौरिडाँडा
माथिल्लो सदन बर्दिवास, महोत्तरी

यो संसार,
सपना, सैर्ष, खुसी र पीडाले भरिएको छ
ठूलो समुन्द्र, धेरै मानिस तर मानवताको अर्थ मानिसलाई थाहा छैन।

सडकमा: भानिस आत्मदाह गर्न पुगँछन्
कोही मानिस त्यस्लाई भिडियो बनाउन व्यस्त हुन्छन्,
आगोले जलेको मानिस अपाङ्ग भएर हात  फैलाएर दयाको भिख माग्दै हुन्छन्
तर मानिस, त्यस घटनालाई बेवास्ता गर्दै
लाज पचाएर सामाजिक सञ्जालमा पोष्ट गर्न हत्तारिएका हुन्छन्।
भगवान भेट्न मन्दिर जो जान्छन्
उहि मानिसले  कतै कुनामा बसेको भोक र पीडाले थलिएको मानिसप्रति मानवता देखाउन सक्दैनन् धर्ममा जोढेर भजन त अरुलाई सुनाउछन्
तर त्यही ठाउँमा  भजनमा तल्लो जात अछुत भनेर आउन दिँदैनन्।

आँखा अगाडि रोग र भोकले छटपटिएको
मान्छे नदेख्ने व्यक्ति धर्म प्राप्त गर्न मन्दिरमा ठूलो रकम चढाउँछन्,
कतै भोकालाई खाना दिएको भए असली भगवान भेट्न सक्थ्यो
तर
खै किन हो?
मान्छे सच्चा भगवान् साँचो प्रेममा, प्राणीको सेवामा,दीनदुखीको
सहयोगमा भेटिन्छन्
यता कतै
तपाईं, हामी पो यही वर्गमा पर्दछौं कि,
यसबाट जोगिएर असल नागरिक बन्ने यात्रामा लाग्नु नै
मानवता हो।

**कविता**



## बिहान खाली पेटमा

***

**एमवी खड्का**

डाक्टरहरु भन्छन-
मुटुभित्र पत्थरी जमेको छ-
अर्थात पत्थरका...ढुङ्गाका पर्खालहरु छन
हरेक हप्ता शनिबार बिहान खाली पेट्मा
कविता लेख्दै गर्नु-निको हुन्छ
र लेखिरहेको छु

यो कविता जुनेली साँझलाई सुनाउनु थियो
ओईलाएर हाँगाबाट जून खसेपछि
खै के सुनाउनु कविता अँध्यारोलाई ?

टेबिलमा ट्वाल्ल परेर हेरिरहेको
भोड्काको बोतललाई सुनाउछु कविता
जो आफू रित्तिएर पनि सुन्न सक्छ
रातलाई सुनाउनु हुन्थ्यो-
ऊ आँफै लरबराउदै आईपुग्छ
र बरबराउदै पल्टिन्छ
तकिया मुनि निरासा च्यापेर
बेहोस बेहोस निदाईरहेको रातलाई
खै के कविता सुनाउनु ?

छिमेकीको बिरालोलाई सुनाउन हुन्थ्यो
ऊ साँझ सुटुक्क भित्र पस्छ
भाँडाकुडा बजाँउछ
जे भेटेको खान्छ
जे भेटेको लान्छ
तर छेउछाउ पर्दैन
आक्कल झुक्कल भईहाले जम्काभेट
ड्वाऱ्र गर्छ र आँखा तर्छ
मैले बाटो काटेर अशुभ हुन्छ झैं गरि
मेरो छाँया छलेर निस्कन्छ
म उसको बाटो काट्दिन

र अचेल
आँफै सुन्नकै लागि
हरेक हप्ता शनिबार खाली पेटमा
म कविता लेख्छु ।

**कविता**



## आत्मालाप

***

**कुमार दाहाल कुसुम**

बागमती–५, राजघाट सर्लाही

मिठो बोली बोल्दै हरतहरका चाह बटुली
नयाँ फक्रेका यी कुसुमदलका पत्र चिमटी
खुला पासो बन्छस् नरपशु भई यो जगतमा
नछो हत्यारा ए अब अति भयो यो शरीरमा।।१

न आृना छन् प्यारा न निकट सखी छन् भर दिने
सबै उस्तै लाग्छन् अति पतितका शोषक तिनै
कहाँ  बाचूँ मैले घर थर कतै छैन गतिलो
पिछा लागि बस्छन् फगत महिला बन्नु ननिको।।२

म छोरी भै बाँच्ने समय सकियो आज किन हो
म एक्लो भै हिँड्दा भइन बघिनी सिँहसरिको
लुछी टोकी मेरो कुसुमित यही भोग रसमा
सधैं खेल्छस् भोगीअभिनय गरी यौन रसमा।।३

बिहानीको आभा पनि कुपितको काल छ सधैं
उठी हिँड्नै गाह्रो जटिलमयको उल्झन अझै।
कहाँ जाऊँ मैले अब त कसरी जीवन जिऊँ
सबै ब्याधा प्यासीसँग म कसरीतर्कन सकूँ।।४

हरे धर्ती तेरो रगत पसिना भो अधमरा
झनै ज्यादा फैली नव वदनमा घुस्छ धमिरा
निकै बान्की पार्दै पुरुष भइँदो दम्भ पहिरी
बलात्कारी तेरो अगति बनियोस् कानुन बनी।। ५

कयौं लालाबालासँग रगतमा खेल्छ भतुवा
उनै हाँसी हिँड्छन् अझ सहजले बन्छ बटुवा
न मुद्दामाम्लो भो न त कठिनको कानुन बन्यो
फगत् हत्या गर्ने पुरुष अब त काल बनिगो ।।६

सबै उस्तै हुन्छन् वदन सबका चिन्नु कसरी
सबै उस्तै बोल्छन् मृदुमय कुरा छान्नु कसरी
सबैं आँखा उस्तै नजर उसको छोप्नु कसरी
हरे आमा मैले अब जगतमा बच्नु कसरी।।७

**कविता**



## कहिलेसम्म

***

**सरिता कार्की**

जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

कति निर्दोष, अबोध बालिकाहरू
यसरी नै पल-पल मर्नुपर्ने हो?
निर्दयीको क्रूरता र पापको आगोमा
सधैं निर्दोष नै जल्दै रहनुपर्ने हो?

हे आमा ! तिमीले कस्तो छोरो जन्मायौ?
कस्तो संस्कार दियौ उसलाई यो धर्तीमा?
जसले एउटा अबोध कोपिला निमोठ्यो
अलिकति पनि दया नराखी छातीमा।

कानुनले जेल कोच्ला, सजाय त देला,
तर सजायले मात्र यो घाउ कहाँ पुरिन्छ र?
पापको जरो उखेलेर नफालेसम्म
यो त्रासदीको छाँया कहाँ बाहिरिन्छ र?

नरपिशाचहरू कहिलेसम्म जन्मिने यहाँ?
कहिले सम्म मौन बस्छ यो चेतना?
सधैं रुनुपर्ने, सधैं डराउनुपर्ने
के छोरी हुनु नै हो र ठूलो यातना?

घर-घरमा अब चेतनाको दीप बालियोस्,
हरेक आमा-बुबाले सही संस्कार सिकाऊन्।
छोरालाई मान्छे बन्न र सम्मान गर्न,
पहिलो पाठ आृनै घरभित्रै पढाऊन्।

अब कहिल्यै नदोहोरिऊन् यस्ता कहालीलाग्दा दिन,
लागौ पहिला यो समाज, अँध्यारोलाई पन्छाउन।
हरेक कोपिला निर्धक्क भएर फक्रिन पाओस्,
छाओस् चेतनाको उज्यालो, न्याय सबैले पाऊन्न् !

# लोकसेवा परीक्षाको तयारी सामग्री

धिरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. दीर्घ बहादुर रावल नेपाल राष्ट्र बैंकको डिप्टी गभर्नर पदमा नियुक्त कहिले भयो ?**
(A) वि.सं. २०८३ जेठ ३
(B) वि.सं. २०८३ जेठ २
(C) वि.सं. २०८३ साउन ३
(D) वि.सं. २०८३ भदौ ३
उत्तर: (D) वि.सं. २०८३ भदौ ३

**दीर्घ बहादुर रावल नेपाल राष्ट्र बैंकको दोस्रो नयाँ डेपुटी गभर्नर नियुक्त**

- को नियुक्त भयो ? : दीर्घ बहादुर रावल
- कहिले नियुक्त भयो ? : वि.सं. २०८३ भदौ ३ गते
- निर्णय गर्ने निकाय कुन हो ? : नेपाल सरकार, मन्त्रिपरिषद्
- गभर्नर तथा उप गभर्नरको कार्यकाल : ५ वर्ष




| पद | नाम | नियुक्ति मिति | कार्यकाल |
|---|---|---|---|
| गभर्नर | प्रा. डा. विश्वनाथ पौडेल (१८ औं) | वि.सं. २०८२ जेठ ६ | ५ वर्ष |
| डेपुटी गभर्नर | किरण पण्डित | वि.सं. २०८२ चैत २४ | ५ वर्ष |
| डेपुटी गभर्नर | दीर्घबहादुर रावल | वि.सं. २०८३ भदौ ३ | ५ वर्ष |

**२. विश्व फोटोग्राफी दिवस हरेक वर्ष कहिले मनाइन्छ र सन् २०२६ को आधिकारिक नारा के रहेको छ?**
(A) अगस्ट १५; “One World, One Lens“
(B) अगस्ट १९; “Capture HOME Through Your Lens“
(C) अगस्ट २१; “Capture HOME Through Your Lens“
(D) अगस्ट १९; “World in Focus“
उत्तर: (B) अगस्ट १९; “Capture HOME Through Your Lens”

**विश्व फोटोग्राफी दिवस २०२६**

- विश्वभर फोटोग्राफी दिवस हरेक वर्ष अगष्ट १९ का दिन मनाइन्छ ।
- नेपालमा यसलाई औपचारिक रूपमा मनाउन थालिएको वर्ष सन् २०१० हो।
- वर्ष २०२६ को नारा: यस वर्षको आधिकारिक नारा “Capture HOME Through Your Lens” रहेको छ ।

**फोटोग्राफीको सुनौलो इतिहास:**

- संसारको पहिलो स्थायी तस्वीर सन् १८२६ मा फ्रान्समा तयार पारिएको थियो।
- यो ऐतिहासिक कार्य जोसेफ नियसीले गरेका थिए।
- यसमा 'हेलियोग्राफी' प्रविधि प्रयोग गरिएको थियो।

**३. नेपाल भाषाका ख्यातिप्राप्त जनकवि दुर्गालाल श्रेष्ठको निधन कहिले भएको हो?**
(A) विसं २०८३ साउन २६
(B) विसं २०८३ साउन २९
(C) विसं २०८३ साउन ३१
(D) विसं २०८३ भदौ २
उत्तर: (B) विसं २०८३ साउन ३१

- नेपाल भाषाका जनकवि दुर्गालाल श्रेष्ठको ९३ वर्षको उमेरमा निधन
- वि.सं. २०८३ साउन ३१ गते
- नेपाल भाषा परिषदले दुई दशक अगाडि उनलाई नेपाल भाषाका जनकविको उपाधिबाट सम्मानित गरेको

**४. राष्ट्रिय सूचना दिवस प्रत्येक वर्ष कहिले मनाइन्छ र वि.सं. २०८३ मा मनाइएको यो दिवस कतिऔं संस्करण हो?**
(A) भदौ ३ गते, १८ औं
(B) भदौ ३ गते, २० औं
(C) साउन ५ गते, २० औं
(D) साउन ५ गते, २० औं
उत्तर: (B) भदौ ३ गते, २० औं

**राष्ट्रिय सूचना दिवस - २०८३**

- राष्ट्रिय सूचना दिवस प्रत्येक वर्ष भदौ ३ गते मनाइन्छ।
- यस वर्षको संस्करण: वि.सं. २०८३ मा मनाइने यो दिवस २० औं राष्ट्रिय सूचना दिवस हो।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ कार्यान्वयनमा आएको दिनको सम्झनास्वरूप यो दिवस मनाउने गरिएको हो, जसको प्रमाणीकरण २०६४ साउन ५ गते भएको थियो।
- नेपालको संविधानमा सूचनाको हक सम्बन्धित व्यवस्था धारा २७ मा गरिएको छ।

**५. 'मोडल हन्ट नेपाल २०२६' को पुरुष र महिलातर्फको शीर्ष उपाधि जित्ने प्रतिभाहरू को-को हुन्?**
(A) परन्तप भण्डारी र लिजा श्रेष्ठ
(B) सुवासना खड्का र अर्जुन सापकोटा
(C) दीपमाला ढकाल र आर्या निशान्त
(D) तेजमाया रेग्मी र तेगवीर सिंह
उत्तर: (A) परन्तप भण्डारी र लिजा श्रेष्ठ

**६. बाजुरा र अछाम क्षेत्रलाई जोडी 'बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र' को घोषणा कहिले गरिएको हो?**
(A) विसं २०८३ असार १५
(B) विसं २०८३ साउन २७
(C) विसं २०८३ साउन ६
(D) विसं २०८३ भदौ १
उत्तर: (B) विसं २०८३ साउन २७

**बढिमालिका-रामारोसन वन संरक्षण क्षेत्र घोषणा**

- घोषणा मिति: वि.सं. २०८३ साउन २७ गते
- यो वन संरक्षण क्षेत्र बनाउने निर्णय: वि.सं. २०८३ साउन १९ गते
- यस वन संरक्षण क्षेत्रको क्षेत्रफल: ४९८.०४ वर्ग कि.मी
- यो वन संरक्षण क्षेत्र फैलिएको जिल्ला: अछाम र बाजुरा
- यो सँगै अब नेपालमा वन संरक्षण क्षेत्र: १२ वटा पुगेको

**७. लिच्छविकालीन इतिहाससँग जोडिएको ललितपुरको लगनखेलस्थित सप्तपाताल पोखरी पुनर्निर्माणपछि कहिले उद्घाटन गरिएको हो?**



(A) विसं २०८३ साउन १५
(B) विसं २०८३ साउन २४
(C) विसं २०८३ साउन ३०
(D) विसं २०८३ भदौ ३
उत्तर: (C) विसं २०८३ साउन ३०

**८. युरोप महाद्वीपमा झन्डै तीन दशकपछि दुर्लभ सूर्यग्रहण कहिले देखिएको थियो?**
(A) सन् २०२६ अगस्त १०
(B) सन् २०२६ अगस्त १२
(C) सन् २०२६ अगस्त १५
(D) सन् २०२६ अगस्त २०
उत्तर: (B) सन् २०२६ अगस्त १२

**९. प्रत्येक वर्ष अगस्ट १२ मा मनाइने अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को नारा के रहेको छ?**
(A) Youth Innovation for the Future
(B) भिन्न परिवेश, साझा आकाङ्क्षा
(C) Transforming Food Systems
(D) Local Youth Action for Sustainable Development
उत्तर: (B) भिन्न परिवेश, साझा आकाङ्क्षा

**१०. सुदूरपश्चिम प्रदेशको पाँचौं मुख्यमन्त्रीका रूपमा खगराज भट्ट कहिले नियुक्त हुनुभएको हो?**



(A) विसं २०८३ साउन १५
(B) विसं २०८३ साउन २९
(C) विसं २०८३ भदौ ३
(D) विसं २०८३ साउन २४
उत्तर: (B) विसं २०८३ साउन २९


**खगराज भट्ट मुख्यमन्त्री नियुक्त**

| मुख्यमन्त्री | खगराज भट्ट |
|---|---|
| प्रदेश | सुदूरपश्चिम प्रदेश |
| नियुक्ति मिति | २०८३ साउन २९ गते |
| नियुक्त गर्ने | प्रदेश प्रमुख नजिर मियाँ |
| संवैधानिक आधार | नेपालको संविधानको धारा १६८ को उपधारा (२) |
| राजनीतिक समर्थन | नेकपा एमाले लगायतका दलहरूको समर्थन |
| मुख्यमन्त्रीको क्रम | सुदूरपश्चिम प्रदेशको पाँचौं मुख्यमन्त्री |
| निर्वाचन क्षेत्र | डडेल्धुरा प्रदेशसभा क्षेत्र नं. १(क) (प्रत्यक्ष निर्वाचित) |
| अघिल्ला मुख्यमन्त्री | कमलबहादुर शाह (राजीनामा दिएपछि नयाँ सरकार गठन भएको) |

**११. चीनका पूर्वप्रधानमन्त्री झु रोङ्जीको निधन कति वर्षको उमेरमा सन् २०२६ अगस्ट १२ मा भएको हो?**
(A) ९० वर्ष
(B) ९३ वर्ष
(C) ९५ वर्ष
(D) ९७ वर्ष
उत्तर: (D) ९७ वर्ष

**१२. सरकारले सुनसरी र सिराहामा भएका प्रदर्शनका क्रममा ज्यान गुमाएका चार जनालाई कहिले सहिद घोषणा गरेको हो?**
(A) विसं २०८३ साउन २०
(B) विसं २०८३ साउन २६
(C) विसं २०८३ साउन ३०
(D) विसं २०८३ भदौ १
उत्तर: (B) विसं २०८३ साउन २६

**१३. टिभी रियालिटी शो 'भ्वाइस अफ किड्स' सिजन ५ को उपाधि जित्ने बालप्रतिभा को हुन्?**
(A) सोनाली राजभण्डारी
(B) सुवासना खड्का
(C) अनुह्या तामाङ
(D) स्पन्दन सुब्बा



उत्तर: (B) सुवासना खड्का

**१४. विश्व शान्ति सूचकांक (GPI) २०२६ मा नेपाल कतिऔं स्थानमा रहेको छ र नेपालको प्राप्ताङ्क कति रहेको छ?**
(A) ६७ औं (अङ्क: १.९८७)
(B) १११ औं (अङ्क: २.२५०)
(C) १२७ औं (अङ्क: २.४०९)
(D) ७६ औं (अङ्क: २.१४३)
उत्तर: (D) ७६ औं (अङ्क: २.१४३)

**विश्व शान्ति सूचकांक २०२६**

| विवरण | तथ्य |
|---|---|
| सूचकांकको नाम/वर्ष | Global Peace Index (GPI) २०२६ |
| नेपालको स्थान | ७६ औं (अङ्क: २.१४३) |
| कहिले सार्वजनिक ? | सन् २०२६ जुन ९ |
| जम्मा देश | १६३ |
| पहिलो देश | आइसल्यान्ड |
| अन्तिम देश | रुस |
| सार्वजनिक गर्ने निकाय | Institute for Economics & Peace (IEP) |
| प्रतिवेदनको संस्करण | २० औं |

# देशभर ९८ प्रतिशत धान रोपाइँ



**काठमाडौं** : कृषि विभागले देशभर करिब ९८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको जनाएको छ । यो गत वर्षको तुलनामा १.९२ प्रतिशतले धेरै हो । विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार आजसम्म १३ लाख ४१ हजार ७६४ हेक्टर जमिनमा रोपाइँ भएको छ । विभागले १३ लाख ७० हजार हेक्टर जमिन खेतीयोग्य रहेको जनाएको छ।

प्रदेशगत रूपमा हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । कर्णालीमा ९८.५ प्रतिशत, लुम्बिनीमा ९७.८७ प्रतिशत, गण्डकीमा ९६.६८ प्रतिशत, बागमतीमा ९७.८२ प्रतिशत, मधेसमा ९८.१० प्रतिशत, कोशीमा ९७ प्रतिशत रोपाइँ सकिएको छ ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले विशेषगरी मधेस प्रदेशलगायतका क्षेत्रमा पर्याप्त पानी नपरेकाले यस वर्ष केही ढिला रोपाइँ भएको बताउँदै पछिल्लो समय रोपाइँमा सुधार आएको जानकारी दिए ।

उनका अनुसार अधिकांश स्थानमा रोपाइँ गर्न आकासे पानीकै भर पर्नुपर्ने अवस्था भए पनि मनसुन सुखद् रहेका कारणअघिल्लो वर्षको तुलनामा यस वर्ष धान रोपाइँको अवस्था राम्रो रहेकाले उत्पादनमा वृद्धि हुन्छ । रासस

# जनकपुर र वीरगन्जमा अग्रगामी मोर्चाको संयुक्त भेला हुने

द पब्लिक टुडे समाचारदाता
*गौशाला, भाद्र ५ गते ।*




अग्रगामी मोर्चाले जनकपुर र वीरगन्जमा संयुक्त भेला गर्ने भएको छ । शुक्रबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा जनकपुरमा बसेको प्रदेश स्तरीय बैठकले दुई शहरमा भेला गर्ने निर्णय गरेको हो ।

मोर्चाले संगठन विस्तार तथा जनपरिचालनका लागि भेला आयोजना गर्न लागिएको जनाएको छ ।

आगामी भदौ २७ गते जनकपुरमा संयुक्त भेला हुने भएको छ । यसमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही गरी पाँच जिल्लाको संयुक्त भेला हुनेछ ।

त्यस्तै, असोज ३ गते वीरगन्जमा भेला हुने भएको छ । यसमा रौतहट, बारा र पर्साका नेता तथा कार्यकर्ता सहभागी हुने भएका छन् । यससँगै विभिन्न नौ वटा राजनीतिक दल सम्मिलित बैठकले मोर्चाको प्रदेश समिति गठन, जिल्ला समिति गठनको जिम्मेवारी बाँडफाँट तथा आगामी रणनीतिक भेला र कार्यक्रम तय गरेको हो ।

यस्तै, बैठकले हालै सिरहाका गणेश यादवको नेपाल प्रहरीको गोली प्रहारबाट भएको मृत्यु तथा बाराकी तीन वर्षीया बालिका गरिमा चौधरीको हत्या घटनाप्रति दुःख व्यक्त गरेको छ । मोर्चाले मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै दुवै घटनाका पीडित परिवारलाई अविलम्ब न्याय र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषीमाथि कडा कारबाही गर्न सरकारसँग माग गरेको छ ।

बैठकले मोर्चा आबद्ध घटक दलबाट प्रतिनिधित्व रहने गरी मधेश प्रदेश समन्वय समिति गठन गरेको छ ।

जसमा जसपा नेपालबाट बालकिशोर प्रसाद यादव र रामबिनोद चौधरी, जनमत पार्टीबाट गजानन्द यादव र रामप्रसाद मण्डल, आम जनता पार्टीबाट उमेश कुशवाहा र राधेश्याम साह छन् ।

त्यस्तै, नागरिक उन्मुक्ति पार्टीबाट पृथ्वीनारायण सिंह थारू र समसुल/नागेन्द्रप्रसाद चौधरी, नेपाल जनमुक्ति पार्टीबाट भुवन थापा मगर र रामएकवाल मण्डल, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) बाट अमिताभ बच्चन दास र किशोरी यादव, नेपाल संघीय समाजवादी पार्टीबाट विमला अन्सारी र सैदर अन्सारी तथा बहुजन एकता पार्टीबाट प्रकाश महरा र सुजित महरा रहेका छन् ।

त्यसैगरी बैठकले आगामी भदौ १० गतेभित्र मधेशका आठ वटै जिल्लामा जिल्ला समन्वय समिति गठन गर्ने निर्णय गरेको छ । जिल्ला समन्वय समिति गठनका लागि घटक दललाई जिम्मेवारी समेत तोकिएको छ ।

सप्तरीमा जनमत पार्टी, सिरहामा बहुजन एकता पार्टी, महोत्तरीमा नेपाल जनमुक्ति पार्टी/नेपाल संघीय समाजवादी पार्टी, सर्लाहीमा नागरिक उन्मुक्ति पार्टी, रौतहटमा आम जनता पार्टी, बारामा जसपा नेपाल र आजपा, धनुषामा जसपा नेपाल र पर्सामा प्रलोपालाई जिम्मेवारी दिइएको छ ।

# एकताका अमर स्तम्भ : डा. राजेन्द्रप्रसाद विमल

## (गौरीशंकर र मिथिला सभ्यता जोड्ने अजम्बरी साधक)



**–प्रेम घिमिरे**
**'अग्निकवच'**

प्रेम घिमिरे । *बर्दिबास*



समयको अविरल प्रवाहमा कतिपय व्यक्तिहरू सम्भनामा मात्र सीमित हुन्छन्, तर केही यस्ता अमर साधक हुन्छन् जसको विचार, ज्ञान र संस्थागत निष्ठाले सिङ्गो युगलाई मार्गदर्शन गरिरहन्छ । नेपाली तथा मैथिली साहित्य, भाषा र संस्कृतिका अनमोल निधि, सेवानिवृत्त प्राध्यापक एवम् बहुआयामिक व्यक्तित्व डा. राजेन्द्रप्रसाद विमल तिनै उच्च साधक हुनुहुन्थ्यो । वि.सं. २००१ साल चैत्र १३ गते धनुषाको पावन भूमि डेवडिहामा जन्मनुभएका डा. विमलको ८२ वर्षको उमेरमा २०८३ साउन २६ गते जनकपुरधाममा भौतिक अवसान भयो । उहाँको निधनले मुलुकले सामाजिक समरसता, भाषिक भाइचारा र ज्ञानको एक अजम्बरी 'एकताको स्तम्भ' गुमाएको छ ।

**जीवनयात्रा र समावेशी व्यक्तित्व**

डा. राजेन्द्रप्रसाद विमल केवल एक प्राध्यापक वा साहित्यकार मात्र हुनुहुन्थ्यो; उहाँ वरिष्ठ भाषाविद्, शिक्षाविद्, संस्कृतिविद्, अनुवादक तथा प्रखर समालोचक हुनुहुन्थ्यो । त्रिभुवन विश्वविद्यालयमा लामो समय प्राध्यापन गराउनुभएका डा. विमलले विशेष गरी तराई-मधेशका विद्यार्थीहरूलाई नेपाली भाषा र वाङ्मयसँग जोड्ने र पहाडी समुदायलाई मिथिलाको समृद्ध संस्कृतिसँग परिचित गराउने अभूतपूर्व कार्य गर्नुभयो । उहाँको व्यक्तित्वमा अद्भुत सौम्यता, आत्मीयता र समभाव थियो । नेपालको हिमाली, पहाडी र तराई-मधेशी भूबनोटलाई साहित्य र विचारको माध्यमबाट एकै राष्ट्रिय सूत्रमा बाँध्न उहाँ अहोरात्र खट्नुभयो । उहाँको सङ्कल्प थियो: *"न मधेशी न पहाडी न हिमाली लेखियोस् म मरे मेरो परिचय नेपाली लेखियोस् ।"* यी पङ्क्तिहरू केवल कविताका हरफ मात्र होइनन्, उहाँको सम्पूर्ण जीवन र राष्ट्रिय चेतनाको जीवन्त सार हुन् ।

**संस्थागत परिकल्पना र अभिभावकत्व**

डा. विमल विचार र रचनामा मात्र होइन, संस्थागत अभियानमार्फत समाजलाई जोड्न सधैँ दूरदर्शी हुनुहुन्थ्यो । आफ्ना विचार, दर्शन र साहित्यिक अभियानलाई दीर्घकालीन रूप दिन उहाँ स्वयंले संस्थागत जगहरू निर्माण गर्नुभयो:

**डा. राजेन्द्र विमल प्रतिष्ठान:** आफ्ना विचार, अध्ययन-अनुसन्धान, भाषा-साहित्यको संरक्षण र सामाजिक रूपान्तरणका अभियानलाई संस्थागत निरन्तरता दिन उहाँ स्वयंले आफ्नै नाममा यस प्रतिष्ठानको स्थापना गर्नुभएको हो, जसको अध्यक्षका रूपमा उहाँ जीवनपर्यन्त क्रियाशील रहनुभयो ।

**गौरीशंकर मिथिला वाङ्मय प्रतिष्ठान:** पहाडी भूभागको प्रतीक 'गौरीशंकर सभ्यता' र तराई-मधेशको प्रतीक 'मिथिला सभ्यता' लाई वैचारिक, सांस्कृतिक र भाषिक रूपमा आपसमा जोड्ने महान् परिकल्पनाकार स्वयं डा. राजेन्द्रप्रसाद विमल हुनुहुन्थ्यो । उहाँकै यही दूरदर्शी सोच र परिकल्पनाको जगमा स्थापित यस प्रतिष्ठानमा उहाँले संरक्षकका रूपमा सदैव अभिभावकीय मार्गदर्शन प्रदान गरिरहनुभयो ।

**सांस्कृतिक एवम् साहित्यिक मञ्चहरू:** मिथिला नाट्य कला परिषद् (मिनाप), मैथिली विकास ट्रस्ट लगायतका शैक्षिक तथा सांस्कृतिक मञ्चहरूसँग निरन्तर जोडिएर उहाँले नयाँ पुस्ताका स्रष्टाहरूलाई प्रोत्साहित गरिरहनुभयो ।

**बहुआयामिक कृतित्व र कालजयी योगदान**

डा. विमलले नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी गरी चारै वटा भाषामा समान अधिकारका साथ दुई दर्जनभन्दा बढी कालजयी कृतिहरूको सिर्जना र अनुवाद गरेका छन् । उहाँका कथाहरूमा सामाजिक यथार्थवाद, सीमान्तीकृत वर्गको आवाज र मानवीय संवेदनाको सूक्ष्म चित्रण पाइन्छ । नेपाली कृतिहरू: राजेन्द्र विमलका कथाहरू, खहरेको तिर्खा, समयका आँखा, मिथिलाको इतिहास, संस्कृति र कला परम्परा, रोएको जून, फिस्टी रानी आदि । मैथिली कृतिहरू: इतिहासक घाओ, पचास वर्ष मैथिली कथा, ई हमरे कथा थिक, सूर्यास्तसँ पहिने, दोहाइ बाबा भुँइयाँ आदि । पाठ्यक्रममा उपस्थिति: उहाँको प्रसिद्ध कथा 'बन्धनबाट मुक्ति' कक्षा ९ को नेपाली पाठ्यक्रममा र 'लङ्का दहन' स्नातक तहको पाठ्यक्रममा समावेश हुनुले उनको प्राज्ञिक उचाइलाई पुष्टि गर्छ ।

अनुवाद र समालोचना: अङ्ग्रेजी साहित्यका गहन कृतिहरूलाई नेपालीमा ढालिदिने र नेपाली/मैथिलीका दर्शनलाई अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउने अनुवादक तथा निष्पक्ष समालोचकका रूपमा उहाँको योगदान अतुलनीय छ ।

**अमिट छाप र अमर विरासत**

नेपाली भाषा, साहित्य र राष्ट्रिय एकतामा पुऱ्याउनुभएको अतुलनीय योगदानको कदरस्वरूप उहाँ प्रतिष्ठित 'जगदम्बा-श्री पुरस्कार' (२०६६), 'साझा पुरस्कार', 'मधुपर्क सम्मान', 'बीपी कोइराला स्मृति साहित्य सम्मान', र 'नेपाल विद्यापति भाषा, साहित्य पुरस्कार' लगायत दर्जनौँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानबाट विभूषित हुनुभयो । डा. राजेन्द्रप्रसाद विमलको भौतिक अनुपस्थितिले मैथिली र नेपाली साहित्यको आकाशमा कहिल्यै नपुरिने क्षति पुगेको छ । तथापि, उहाँले स्थापना गर्नुभएका संस्थाहरू, छाडेर जानुभएका अमर कृतिहरू र गौरीशंकर-मिथिला सभ्यता जोड्ने सांस्कृतिक सन्देशले आगामी पुस्तालाई सधैँ एकता र भाषिक भाइचाराको मार्गमा डोऱ्याइरहनेछ । भौतिक रूपमा ओझेल परे पनि विचारको रूपमा डा. राजेन्द्रप्रसाद विमल सधैँ अमर रहनुहुनेछ । (स्रोत: विकिपिडिया र वेवसाइटहरू)

(लेखक गौरीशंकर मिथिला वाङ्मय प्रतिष्ठानका अध्यक्ष हुन् ।)

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादक: सन्तकुमार क्षेत्री